साझा सेवा
(सहकारी संस्था) लि.

केन्द्रिय कार्यालय : बल्खु, काठमाण्डौ, ४६७१९८९
E-mail : sajhapsl@gmail.com
Website : www.sajhasewa.com.np
☎ कार्यकारी निर्देशक:- ४२७७१८०, मुख्य निर्देशक:-४२८२३५६
पुल्चोक आयल स्टोर ५५५३३०९
वाफल आयल स्टोर ५२३७३६९
बल्खु आयल स्टोर ४६७१९८९
सानेपा आयल स्टोर ५१८३२७२
बनेपा आयल स्टोर ०११-६६४५६७
भद्रकाली मल तथा ग्यास बिक्री शाखा ४२६५७५८
बल्खु मल तथा ग्यास बिक्री शाखा ४६७१९८९

पत्र सङ्ख्या :- २०८०/८१
च. नं. :- २६४

मिति : २०८०/१२/२१

**विषय :- समाचार सम्प्रेषण तथा प्रकाशन सम्बन्धमा ।**

श्री रिपोर्टिङ शाखा

वि.सं.२०२६ सालदेखि निरन्तर रुपमा सर्व साधारणलाई सर्वसुलभ र विश्वसनीय सेवा पुऱ्याउँदै आएको साझा सेवा (सहकारी संस्था) लि. ले अनुदानित मल, ग्याँस, सिमेण्ट तथा इन्धनको बिक्री वितरण तथा इन्धन ढुवानीमा आफ्नो सेवा केन्द्रित राखी आज **"इन्धन सेवा- २४सै घण्टा"** सञ्चालन गर्ने गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री माननीय श्री दामोदर भण्डारीज्यूको प्रमुख आतिथ्यमा यस सेवाको शुभारम्भ कार्यक्रम सम्पन्न गरेको छ । साझा सेवा (सहकारी संस्था) लि. का अध्यक्ष श्री शङ्करप्रसाद पाण्डेज्यूले माननीय मन्त्रीज्यूको स्वागत (बुकेबाट) गर्नुभयो । माननीय मन्त्रीज्यूले पेट्रोलपम्पबाट गाडीमा डिजेल र पेट्रोल हाली २४सै घण्टा सेवा सहितको स्टीकर राखी समारोहको उद्घाटन गर्नुभयो । संस्थाका तर्फबाट अध्यक्षज्यूले संस्थाको गतिविधिबारे प्रकाश पार्नुहुँदै देशमा इन्धनको संकट पर्दा संस्थाले जोखिम बहन गरेर गुणस्तरीय सेवा प्रवाह गरेको बताउनुभयो ।

प्रमुख अतिथि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय श्री दामोदर भडारीज्यूले जनतालाई जतिखेर पनि इन्धन सेवा उपलब्धता पुऱ्याउने कुरा राज्यको दायित्वभित्र रहेको उल्लेख गर्नुहुँदै यस संस्थाको इतिहास हालसम्म गर्विलो रहेकामो **'साझा'** ब्रान्ड नै काफी रहेको बताउनुहुँदै सेवा प्रवाहलाई अझ प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिनुभयो साथै आफ्नो तर्फबाट पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । नेपाल आयल निगम लि. का कार्यकारी निर्देशक डा. चण्डिका भट्टज्यूले माननीय मन्त्रीज्यूको चौबिसै घण्टा इन्धन सेवा सुचारु गर्ने उद्देश्य रहेकोमा साझा सेवाले छोटो समयमै सेवा प्रवाह गरेकोमा धन्यवाद दिनुभयो ।

.....................
(दिनेश पौडेल)
कार्यकारी निर्देशक